इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशुपन्छी विकास शाखा
इटहरी, सुनसरी
१ नं. प्रदेश, नेपाल

सम्पर्क फोन-०२५५८०४७

प.सं. २०७७/०७८

## साझेदारीमा बाखा प्रवर्द्धन कार्यक्रम संचालन सम्वन्धी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०६/०९ गते

आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरू "लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्य सञ्चालन प्रकृया-२०७७" बमोजिम लागत साझेदारीमा बाखा प्रवर्द्धन कार्यक्रम गर्न ईच्छुक सहकारी संस्था/कृषक समूह/समितिहरूले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरू छनौटका लागि समावेश नहुने समेत जानकारी गराईन्छ ।

**कार्यक्रम विवरण**

| क्र. सं. | कार्यक्रमको नाम | संख्या | उप-महानगरपालिकाबाट व्यहोरिने साझेदारी रकम रू. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | लागत साझेदारीमा बाखा प्रवर्द्धन कार्यक्रम | १ | १९,०६०००/- | ३३% साझेदारी गर्न सक्ने ईच्छुक नगरभित्रका कृषि सहकारी/कृषक समूह/समिति |

**निवेदनसाथ संलग्न कागजातहरु:**

१. अनुसूची ३ अनुसार तोकिएको ढाचामा रू. १० को हुलाक टिकट टाँस गरेको निवेदन
२. अनुसूची २ अनुसारको संक्षिप्त कार्ययोजना
३. समूह/समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्र, र सहकारी संस्थाको हकमा गत आ.व.को कर चुक्ता प्रमाणपत्र, लेखा परिक्षण प्रतिवेदन र कृषि/पशुपालन व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरू
४. समूह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि
५. समूह/समिति/सहकारी संस्थाका सदस्यहरूको नामावली
६. सम्वन्धित वडा कार्यालयको सिफारिस
७. लागत साझेदारीको प्रतिवद्धता पत्र
८. विगत ३ वर्षभित्र कुनै सरकारी अनुदान नलिएको स्वघोषणा पत्र

नोटः निवेदन र संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रक्रिया यस इटहरी उप-महानगरपालिकाको itaharimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा सम्वन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । अन्य थप जानकारीका लागि फोन नं. ०२५५८०४७४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत